# २०७४ माघ २६ को मन्त्रीपरिषद बैठकले टिसिएनको काम सम्बन्धमा गरेका निर्णयहरु

नेपाल सरकार
वन तथा भू संरक्षण मन्त्रालय

विषय: भूकम्प पिडितलाई काठ बिक्री-बितरण गर्ने र नेपाल बिधुत प्राधिकरणलाई पोल उपलब्ध गराउने गरि द टिम्बर कर्पोरेशन अफ नेपाललाई काठ उपलब्ध गराउने सम्बन्धमा।
प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृत प्राप्त मिति: २०७४।१०।२१

१. **विषयको संक्षिप्त व्यहोरा**

वन व्यवस्थापनबाट प्राप्त काठ दाउरा र काठजन्य वन पैदावारको व्यवस्थित संकलन, सदुपयोग र बिक्रीबितरणद्वारा सरल र भरपर्दो आपुर्तिको व्यवस्था मिलाउने उद्देश्यको लागी नेपाल सरकारले २०१७ सालमा स्थापना भएको यस द टिम्बर कर्पोरेसन अफ नेपाललाई अझ प्रभावकारी र सहजसंग यसका उद्देश्य हासिल गर्न कम्पनीबाट निम्न प्रस्तावहरु आवश्यक निर्णयको लागी पेश भएकाले सो विषयमा नेपाल सरकार मन्त्रिपरिषद् बाट निर्णय हुन यो प्रस्ताव तयार गरिको हो ।

क) प्राथमिकता प्राप्त आयोजनाहरुको रुख कटान: टि.सि.एन.को कार्यक्षेत्र भित्र संचालनमा रहेका सरकारको प्राथमिकता प्राप्त आयोजनाहरु (बिधुत, सिंचाई, सडक, मुक्तकमैया)को क्षेत्रमा पर्ने रुख कटान सम्बन्धित आयोजनाको सहमतिमा र उक्त आयोजनाको खर्चमा टि.सि.एन.ले गर्ने । काटिएका रुख मध्ये सरकारद्धारा ब्यबस्थित बनबाट उत्पादित काठ दाउरा ५० प्रतिसत टि.सि.एन.ले प्राप्त गरि काठ चिरान गरेर नियामानुसार बिक्रीबितरण गरि सहज आपूर्तिमा योगदान पुर्याउने ।

ख) बैज्ञानिक वन व्यवस्थापनबाट काठ उत्पादन: सरकारद्धारा ब्यबस्थित बन उपलब्ध रहेको र टि.सी.एन.को कार्यक्षेत्रमा पर्ने जिल्लाहरुमा बैज्ञानिक बन ब्यबस्थापनबाट काठ उत्पादन गर्न सम्बन्धित जिल्ला बन कार्यलयसंग सहकार्य गरी वा आफै पूर्ण जिम्मेवारी लिई कार्य गर्न टि.सी.एन. इच्छुक रहेको। यसबाट काठ दाउरा आपुर्तिमा बृद्धि हुने, राजस्व बृद्धि हुने, स्थानीय स्तरमा रोजगारी सृजना हुनुको साथै टि.सी.एन.लाई पनि नियमित काठ उत्पादनको स्रोत निश्चित हुने । उत्पादन हुने काठको ५० प्रतिशत टि.सी.एन.ले प्राप्त गरि चिरान वा प्रशोधन बिक्रीबितरणको ब्यबस्था मिलाउने ।

ग) काठको पोल नेपाल बिधुत प्राधिकरणलाई आपूर्ति गर्ने: राष्ट्रिय स्रोतको समुचित उपयोगका साथै स्टीलको पोलको आयत प्रतिस्थापन हुने र वातावरण सन्तुलनमा समेत सकारात्मक प्रभाव कायम गर्ने उद्देश्य सहित कम्पनीले नियमित रुपमा नेपाल बिधुत प्रधिकरणको माग अनुसारको काठका पोल प्रशोधन गरि आपुर्ति गर्ने ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुरा**

माथि उल्लिखित विषयमा वन विभागबाट समेत मिति २०७४।०७।१४ मा सिफारिस प्राप्त भएको साथै नेपाल सरकार मन्त्रिपरिषद्को २०७३।०५।२६ गते "२०७२ बैशाख १२,१३, र २९ गतेको विनासकारी भूकम्पबाट काठमाडौं हनुमानढोकास्थित काष्ठमण्डप लगायत मुलुकका क्षतिग्रस्त पुरातात्विक एवं ऐतिहासिक सम्पदाहरुको पुर्ननिर्माणका लागि आवश्यक पर्ने आठ लाख क्युफिट सालको काठ द टिम्बर कर्पोरेसन अफ नेपालले सरकारी मूल्यमा पुरातत्व बिभागको सिफारिसमा सम्बन्धित आयोजनाहरुलाई आगामी ५ वर्षभित्रमा उपलब्ध गराउने" निर्णय भएको ।

३. **प्रस्ताव पेश गर्नुपर्नाको कारण र मन्त्रालयको सिफारिस**

टि.सी.एन.बाट पेश भएका प्रस्तावहरुको सम्बन्धमा विद्यमान वन ऐन, २०४९, वन नियमावली २०५१मा टि.सी.एन.लाई काठ उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था उल्लेख नभएको र

सचिव

टि.सी.एन.वाट हालसम्म भएको काम कारवाहीहरु नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय हुँदै आएको हुँदा प्रकरण ४ बमोजिमका निर्णय नेपाल सरकार मन्त्रिपरिषद् बाट हुनका लागि लागि माननीय वन तथा भू-संरक्षण मन्त्रीवाट मिति २०७४।१०।२१ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार (कार्य सम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषयसंख्या १६ वमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. निर्णय हुनु पर्ने व्यहोरा

१. टिम्बर कर्पोरेशन अफ नेपालले वन तथा भू-संरक्षण मन्त्रालयबाट सहमति लिई सरकारद्वारा व्यवस्थित वनको वैज्ञानिक वन व्यवस्थापनमार्फत उत्पादित काठ मध्ये ५० प्रतिशत भूकम्प पीडितहरु वा भूकम्पबाट क्षतिग्रस्त संरचना पूर्ननिर्माण, सार्वजनिक भवन निर्माण तथा सर्वसाधारणलाई घर निर्माणको लागि चिरान गरि बिक्रीवितरण गर्ने गरी द टिम्बर कर्पोरेशन अफ नेपाललाई उपलब्ध गराउने ।

२. नेपाल विद्युत प्रधिकरणले तोकेको मापदण्ड अनुसार वन तथा भू-संरक्षण मन्त्रालयले गुणस्तर परीक्षण गरी द टिम्बर कर्पोरेशन अफ नेपालबाट नियमित रुपमा प्रशोधित काठको पोल उपलब्ध गराउने ।

३. भूकम्प पीडितहरुको लागि काठ उत्पादन, आपुर्ति र व्यवस्थापन निर्देशिका, २०७२ को परिच्छेद-३ को ६.(४) मा व्यवस्था भए बमोजिम नेपाल सरकारबाट स्वीकृत प्राप्त विकास आयोजना कार्यान्वयन गर्दा कटान भई सम्बन्धित कार्यालयबाट भूकम्प पीडितहरुलाई छुट्याएका काठहरु चिरान गरी भूकम्प पीडितहरु वा भूकम्पबाट क्षतिग्रस्त संरचना पूर्ननिर्माण, सार्वजनिक भवन निर्माण तथा सर्बसाधारणलाई घर निर्माणको लागिको मात्र बिक्रीवितरण गर्ने गरी द टिम्बर कर्पोरेशन अफ नेपाललाई उपलब्ध गराउने ।

डा. युवक ध्वज जि.सी
सचिव

मिति २०७४।१०।२२

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
सिंहदरबार, काठमाडौं

श्री सचिव,
वन तथा भू-संरक्षण मन्त्रालय ।

भूकम्प पीडितलाई काठ बिक्री-वितरण गर्ने र नेपाल विद्युत प्राधिकरणलाई पोल उपलब्ध गराउने गरी द टिम्बर कर्पोरेशन अफ नेपाललाई काठ उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं.१८/८०-०७४/१०/२३ को प्रस्ताव मं.प.बै.सं. ५४/०७४ मिति २०७४/१०/२६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेकोछु —

<u>नेपाल सरकारको निर्णय</u> —

"प्रस्तावमा लेखिएबमोजिम गर्ने ।"

( लोकदर्शन रेग्मी )
मुख्यसचिव
२०७४/१०/२९

श्री प्रशासन महाशाखा,

२०७४/१०/२९